# उदयपुरगढी गाउँपालिकाको विनियोजनविधेयक -२०७५

## उदयपुरगढी गाउँपालिकाको आर्थिक बर्ष २०७५/२०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**सभाबाट स्वीकृत मितिः २०७५/५/१**

**प्रस्तावनाः**उदयपुरगढीगाउँपालिकाको आर्थिक वर्ष २०७५।०७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिमउदयपुरगढीगाउँपालिकाकोगाउँ सभामा यो विधेयकपेश भएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यस विधेयकको नाम " उदयपुरगढीगाउँपालिकाको विनियोजन विधेयक, २०७५" रहेको छ ।

(२) यो विधेयक सभाबाट पास भई प्रमाणित भए पछि ऐनको रुपमा तुरुन्त लागू हुनेछ ।

**२.आर्थिक वर्ष २०७५।०७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१)आर्थिक वर्ष २०७५।०७६ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ३९,१६,४८,०००/-**(अक्षेरुपी उनन्चालीस करोड छोह्र लाख अडचालीस हजार रुपैयामात्र)** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गरिनेछ । साथैः सामाजिक सुरक्षा, LGCDP कार्यक्रम, वहुक्षेत्रीय पोषण कार्यक्रम,गरिव सग विशेश्वर कार्यक्रम, सानासिचाइ कार्यक्रम लगाएत अन्य कार्यक्रम मा हुने खर्चको वजेट सिलिङ प्राप्त भइ नसकेको ले सिलिङ प्राप्त भएपछि संचित कोषमा जम्मा गरि वा कोष तथा लेखा नियन्त्रण कार्यलय वाट सोझै भुक्तानि हुने गरि कार्यक्रममा आएको वजेट रकम भित्र रहि खर्च गरिने छ ।

३. **विनियोजनः** (१) यस विधेयकद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५।०७६ को निमित्त उदयपुरगढीगाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले वचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।